Website:besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
........... शाखा
वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-५२०२०४
०६६-५२०१५०
फ्याक्स नं. ०६६-५२०२०४

पत्र संख्याः- २०७८/०७९
चलानी नम्बरः-

मितिः- २०७८।०३।१३

**"आर्थिक वर्ष २०७८/०७९ को लागि सहजी बसपार्कको पार्किङ्ग शुल्क उठाउने सम्बन्धी कार्यको सिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी"**

# सूचना ! सूचना !! सूचना !!!

**(दोस्रो पटक प्रकाशित मिति : २०७८/०४/१३ गते)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिनमा रही बेशीसहर नगर कार्यपालिकाको मिति २०७७।०३।३० को निर्णयानुसार आर्थिक वर्ष २०७८/०७९ को लागि नगरपालिकाको स्वामित्वमा रहेको सहजी बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्यको ठेक्का बस्दोबस्त गर्नुपर्ने भएकोले यो १५ (पन्ध्र) दिनको सूचना प्रकाशित गरिएकोमा कुनैपनि बोलपत्रहरु पेश हुन नआएकोले पुनः दोस्रो पटक यो ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म वा कम्पनी वा ब्यक्तिले यस कार्यालयबाट जारी गरिएको बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र सिलबन्दी पेश गर्नहुन जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभसाईट www.besisaharmun.gov.np मा तथा कार्यालय समयभित्र कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण**

| क्र. सं. | आय ठेक्का नं. | स्थान | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम (मु.अ.कर/अन्य करवाहेक) | दरभाउ-पत्र फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १ | २२/ २०७८।०७९ | बेसीशहर ७, सहजी | सहजी बसपार्कमा पार्किङ्ग शुल्क उठाउने कार्य । | २,५०,०००।- (दुई लाख पचास हजार) | १०००।- | |

## शर्तहरु

१. ठेक्काको अवधी दरभाउ-पत्र स्वीकृत भई सम्बन्धीत दरभाउ-पत्र दातासंग नगरपालिकाले गरेको सम्झौतामा उल्लेख गरेको अवधि अनुसार हुनेछ ।

२. यो सूचनामा प्रकाशित गरिएको दरभाउ-पत्र सुचना प्रकाशित भएको मितिले सातौं दिनसम्म कार्यालय समयभित्र बेसीशहर नगरपालिकाको कार्यालय, राजश्व शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु आठौं दिन अपरान्ह १२:०० बजे भित्र नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्ने छ । दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।

प्रमोद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Website:besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
............... शाखा
वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-५२०२०४
०६६-५२०१५०
फ्याक्स नं. ०६६-५२०२०४

पत्र संख्याः-
चलानी नम्बरः-
मितिः- ............................

३. वेसीशहर नगरपालिकाले विभिन्न सवारी साधनहरुको तपसिलबमोजिमको दररेट कायम गरेकोले सवारी धनीसँग सो भन्दा बढी रकम असूल गर्न पाइने छैन ।

| क्र.सं | विवरण | दर रु./प्रति घण्टा | १ घण्टा भन्दा बढी समय रु. | रात विताउनेको लागि रु. |
|---|---|---|---|---|
| ७. | स्वदेशी ठुला सवारी साधन (बस, ट्रक, लहरी तथा अन्य हेभी गाडी) | २५ | ५० | १०० |
| ८. | स्वदेशी साना सवारी साधन (माइक्रो, ल्याण्ड रोभर, मिनिबस) | २० | ५० | ७५ |
| ९. | स्वदेशी जीप, कार, मारुती भ्यान तथा अन्य साना सवारी साधन | १५ | ३० | ५० |
| १०. | विदेशी ठूवा सवारी साधन | १०० | २०० | ३०० |
| ११. | विदेशी साना सवारी साधनहरु | ८० | १०० | १५० |
| १२. | मोटर साईकल/स्कुटर | १० | १५ | २० |

४. दरभाउ-पत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग–१–१ –३०४०१००३०१०१०००२ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद, दरभाउ-पत्र फाराम खरिद गर्दा नियमानुसार चाहिने आवश्यक कागजात (नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नवीकरणको प्रमाण आदि) को प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ । दरभाउ-पत्रद्यताले खामको बाहिरपट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले आफुले कबोल गरेको अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको खाता नं. ग-३ ३०४०१०३०३०००००२ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको कम्तीमा १२० दिन अवधिको विडबण्डको सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा औचित्यका आधारमा १० प्रतिशतसम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

७. दरभाउ-पत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी दरभाउ-पत्र फिर्ता तथा संसोधन हुने छैन ।

८. दरभाउ-पत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।



जनार्दन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Website:besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

................. शाखा

फोन नं. ०६६-५२०२०४
०६६-५२०१५०
फ्याक्स नं. ०६६-५२०२०४

वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः-
चलानी नम्बरः-

मितिः- ............................

९. रितपूर्वक दाखिला भएका दरभाउ-पत्र मध्ये घटी वा बढीवालाको दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहितको दरभाउ-पत्र स्विकार्य हुने छैन ।

१०. एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा कबोल अंकको ५० प्रतिशत रकम बुझाउनु पर्नेछ । बाकी रकमको ठेक्का अवधिमा ३ महिना थप अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत पत्र (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ । दोश्रो किस्ता रकम २०७८ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

११. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाकी वक्यौता भएका ब्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. ठेक्का सुचना बमोजिम प्रतिस्पर्धामा भाग लिन इच्छुक फर्म/ब्यवसायीलाई सहभागी हुन नदिने गरी कसैले छेकथुन गरेमा, मिलेमतो गरी सिमित प्रतिस्पर्धा गरेको पाइएमा पुनः सुचना गर्न सकिनेछ ।

१३. ठेक्का सम्झौतापछि नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाईने छैन ।

१४. ठेक्का लिने फर्मले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र पार्किङ्ग शुल्क उठाउने कर्मचारीले परिचय पत्र लगाएर मात्र संकलन कार्य गर्नु गराउनु पर्नेछ ।

१५. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्।

१६. ठेक्का प्राप्त गर्नेले नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको कार्यालयले समय-समयमा दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ । यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ । अन्य सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

..........................
जनार्दन अधिकारी
प्रमुख प्रशासकिय अधिकृत